# 48th (XLVIII) NCAR Part-66 AML EXAM (September 2025)

## मा सहभागी हुन चाहने परिक्षार्थीहरुको लागी

# दरखास्त आह्वानको सूचना

**प्रकाशित मिति: २०८२।०४।२६**

नेपाल नागरिक उड्डयन प्राधिकरणको निर्णयानुसार यस विभाग र CAAi (U.K.) बीच २ फेब्रुअरी २०१२ मा सम्पन्न सम्झौता वमोजिम **१३ देखि १५ सेप्टेम्बर २०२५** मा संचालन हुन गइरहेको **48th NCAR Part-66** अनुसारको **AML-XLVIII** आधारभूत परीक्षा दिन इच्छुक तथा योग्य उम्मेदवारहरुलाई, यस विभागवाट उपलब्ध गराइने फाराम रितपूर्वक भरी **22nd August 2025** अर्थात *२०८२ भदौ ०६* गते भित्र यस विभागमा आईपुग्ने गरी पेश गर्न गर्न दरखास्त आह्वान गर्दै यो सूचना प्रकाशित गरिएको छ । यस परीक्षाको बिषयमा थप जानकारी आवश्यक भएमा यस विभागको एयरवर्दिनेश महाशाखामा सम्पर्क राख्न सकिनेछ । रित नपुगी पेश हुन आएको दरखास्त उपर कुनै कारवाही हुने छैन । यो सूचना प्राधिकरणको website: www.flightsafety.caanepal.gov.np मा प्रकाशित गरिएको छ ।

१) **न्यूनतम योग्यता तथा अनुभव :–**
प्रचलित नागरिक उड्डयन नियमावली तथा NCAR Part-66 मा उल्लेख भए बमोजिमको योग्यता भएको हुनुपर्नेछ ।

२) **दरखास्त फाराम भरी बुझाउने व्यबस्था :–**
क) CAAi (U.K.) बाट जारी भएको दरखास्त फाराम **फ्लाईट सेफ्टी स्ट्याण्डर्डस् विभाग**, सिनामंगलबाट प्राप्त गर्न सकिनेछ भने प्राधिकरणको वेवसाइट www.caanepal.gov.np/Link:Flight Safety बाट पनि डाउनलोड गर्न समेत सकिनेछ ।

ख) साथै कम्प्युटराइज्ड प्रणालीबाट परीक्षा संचालन हुने र दरखास्त फाराम समेत Online Application भएको सन्दर्भमा यस सूचना अनुसार दरखास्त फाराम भरी वुझाउनु हुने सबै परीक्षार्थीहरुले मिति **22nd August 2025** अर्थात *२०८२ भदौ ०६* गते भित्र **फ्लाईट सेफ्टी स्ट्याण्डर्डस विभाग**, सिनामंगलमा Examination Application फाराम भरी पेश गर्नु पर्नेछ ।

३) **दरखास्त फाराम तथा परीक्षा दस्तुर :–**
क) दरखास्त फाराम दस्तुर वापत ५ (पांच) अमेरीकी डलर र परीक्षा दस्तुर वापत प्रति विषय (Module) १५ अमेरिकी डलर वरावर को रकम र सोको १३ प्रतिशत मु.अ.कर सहित हुन आउने रकम लाग्नेछ । विदेशी मुद्राको विनिमय दरको हकमा जुन दिन रकम बुझाइन्छ सोही दिनको नेपाल राष्ट्र बैंकले तोकेको विक्री दरको विनिमय दर कायम हुनेछ ।

**ख) सोको अतिरिक्त CAAi (U.K.) संग भएको सम्झौतामा तोकिए वमोजिमको परीक्षा शुल्कको हकमा प्रति परिक्षार्थीहरुले प्रति Module वापत रु.१३,६८५।०० र सो को १३ प्रतिशत मु.अ.कर सहित हुन आउने रकम रु १५,४६४।०५ बुझाउनु पर्नेछ ।**

४) **परीक्षा दस्तुर वापतको रकम दाखिला :–**

परीक्षा दस्तुर वापत माथी बुंदा ३ (क) र (ख) मा उल्लेख भए वमोजिम दुवै प्रकारको रकम छुट्टा छुट्टै रुपमा यस बिभागको नाममा **राष्ट्रिय वाणिज्य वैंक, TIA काठमाडौं शाखामा** (वाणिज्य बैंकको जुनसुकै शाखामा बुझाएपनि) रहेको **चल्ती खाता नं. १६९०१००००१३३००१** मा जम्मा गर्नु पर्ने छ ।

५) **परीक्षा कार्यक्रम र प्रवेश पत्र वितरणः–**

परीक्षा संचालन मिति **२०८२ भदौ २८, २९ र ३०** गते (तदनुसार **१३, १४ र १५ सेप्टेम्बर २०२५**) मा हुनेछ भने समय र स्थानको हकमा Exam Confirmation Letter मा उल्लेख भए बमोजिम हुनेछ ।

६) **दरखास्त साथ पेश गर्नुपर्ने कागजादहरुः–**

अङ्ग्रेजीमा जन्म मिति खुलेको नागरिकताको प्रतिलिपि वा पासपोर्ट वा सवारी लाइसेन्स र दरखास्त फाराम तथा परीक्षा दस्तुर वुझाएको भौचर/विजक/रसिद १।१ प्रति ।

७) **परीक्षा संचालन सम्वन्धी अधिकारः:**

यस परीक्षा संचालन सम्बन्धि सम्पूर्ण अधिकार यस विभागमा सुरक्षित रहनेछ र यस सम्बन्धमा अन्य थप जानकारी चाहिएमा यस विभागमा सम्पर्क राख्न सकिनेछ ।

नेपाल नागरिक उड्डयन प्राधिकरण
**फ्लाइट सेफ्टी स्ट्याण्डर्ड्स विभाग**
सिनामंगल, काठमाण्डौ, नेपाल ।
फोन नं. ४११११९, पोष्ट बक्सः ६९२९
**Email:info@flightsafetycaan.gov.np**

**द्रष्टव्यः**

परीक्षा दस्तुर वापत नन्अपरेटिभ खाता नं **१६९०१००००१३३००१** मा जम्मा गरेको रकम फिर्ता नहुने हुंदा दरखास्त चेक जांच भएपश्चात एकिन गरी मात्र बैक खातामा दस्तुर वापतको रकम जम्मा गर्न हुन जानकारी गराइन्छ ।

नेपाल नागरिक उड्डयन प्राधिकरण फ्लाइट सेफ्टी स्ट्याण्डर्ड्स विभाग २०५५